## लोक सेवा आयोग

## नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, आर्थिक प्रशासन, राजश्व, पाँचौं, वरिष्ठ सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७८।०९।०९

पत्र : द्वितीय
समय : २ घण्टा ३० मिनेट

पूर्णाङ्क : १००

विषय: सेवा सम्बन्धी

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

### खण्ड "क" — ५० अङ्क

१. घाटा बजेट भनेको के हो? घाटा बजेट कुन-कुन स्रोतबाट पूर्ति गरिन्छ? उल्लेख गर्नुहोस् । १+४=५

२. मौद्रिक नीति र वित्तीय नीतिबीचको फरक लेख्नुहोस् । ५

३. पन्ध्रौं आवधिक योजनाले अंगिकार गरेको राष्ट्रिय उद्देश्यहरू उल्लेख गर्नुहोस् । ५

४. नेपाल नागरिक उड्डयन प्राधिकरणको आन्तरिक व्यवस्थापनमा व्यवस्थापन सूचना प्रणालीको के-कस्तो महत्व रहेको छ? संक्षिप्तरूपमा उल्लेख गर्नुहोस् । ५

५. कर राजश्व र गैरकर राजश्वबीचमा के भिन्नता छ? उल्लेख गर्नुहोस् । ५

६. दोहोरो लेखा प्रणालीका विशेषताहरू उल्लेख गर्नुहोस् । ५

७. लेखा अभिलेखमा कस्ता त्रुटिहरू देखिन्छन् र तिनलाई कसरी सुधार गरिन्छ? लेख्नुहोस् । २+३=५

८. छोटकरीमा लेख्नुहोस् । २.५+२.५=५

   i) सन्तुलन परीक्षण (Trial Balance)

   ii) वासलात (Balance Sheet)

९. आयकर र मूल्य अभिबृद्धिकरबीचको भिन्नता उल्लेख गर्दै अर्थतन्त्रमा यी दुई करहरूको सकारात्मक र नकारात्मक प्रभावहरूको बारेमा विवेचना गर्नुहोस् । ५+५=१०

### खण्ड "ख" — ५० अङ्क

१०. कर लेखापरीक्षण (Tax Audit) भनेको के हो? यो किन गरिन्छ? चर्चा गर्नुहोस् । २+३=५

११. आन्तरिक नियन्त्रण प्रणालीमा हुनुपर्ने मुख्य तत्वहरू उल्लेख गर्नुहोस् । ५

१२. बेरूजु भनेको के हो? बेरूजुका प्रकार उल्लेख गर्नुहोस् । २+३=५

१३. मल्टिमिडिया कम्प्युटर प्रणाली (Multimedia Computer System) भन्नाले के बुझिन्छ? कार्यालय व्यवस्थापन (Office Management) को कुन-कुन क्षेत्रमा यसको प्रयोग गर्न सकिन्छ? लेख्नुहोस् । २+३=५

१४. १० दिनमा ६ जना ज्यामीले कुनै कामको एक तिहाई (१/३) काममात्र सम्पन्न गर्न सक्छन् भने सोही काम १२ दिनमा पूर्णरूपले सम्पन्न गर्न कतिजना ज्यामी आवश्यक पर्ला? ५

१५. स्वतन्त्रता भनेको के हो? नेपालको संविधानले के-कस्ता स्वतन्त्रता प्रदान गरेको छ? उल्लेख गर्नुहोस् । १+४=५

१६. भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार 'रिसवत' भन्नाले के बुझिन्छ? लेख्नुहोस् । ५

१७. नेपाल नागरिक उड्डयन प्राधिकरण आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०५७ अनुसार आन्तरिक लेखापरीक्षकले के-कस्ता कामहरू गर्नुपर्ने व्यवस्था छ? प्रस्तुत गर्नुहोस् । ५

१८. नेपालको सामाजिक, आर्थिक एवं सांस्कृतिक क्षेत्रको विकासमा नेपाल नागरिक उड्डयन प्राधिकरणले गरेको योगदानको विवेचना गर्नुहोस् । १०

:: समाप्त ::